"गढीमाई नगरपालिकाको विकास, शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार"
स्थानीय सरकार

# गढीमाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

समनपुर, रौतहट
मधेश प्रदेश, नेपाल

पत्र संख्या : - २०८२/०८३
चलानी नं. :-

मिति :२०८२।१२।१९

विषय: रोजगारदाताको सूचीमा दर्ता हुने सम्बन्धी सूचना।

श्री यो जो जससँग सम्बन्ध राख्दछ।

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा १३, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ९ र एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० को दफा ६ बमोजिम यस स्थानीय तह अन्तर्गत रहेका रोजगारदाताहरुको सूची दर्ता एवम् अद्यावधिक गर्नुपर्ने भएकोले यस नगरपालिका अन्तर्गतका सरकारी, गैर सरकारी, सहकारी तथा निजी क्षेत्रका रोजगारदाताहरुले तोकिएको ढाँचामा आवर्श्यक विवरणहरू खुलाई मिति २०८२ चैत्र २४ गतेभित्र यस नगरपालिकाको रोजगार सेवा केन्द्रमा रोजगार दाताको सूचीमा दर्ता एवम् अद्यावधिक हुन सम्पूर्ण रोजगार दाताहरूलाई अनुरोध छ।

.............................................
नागेन्द्र यादव
प्रमुख प्रशासकीय अधिकृत

**पुनश्च**: रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा २ (झ) अनुसार **"रोजगारदाता"** भन्नाले बेरोजगार व्यक्तिलाई यस ऐन बमोजिम रोजगार दिने नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र अन्तर्गतका कार्यालय तथा निकाय र सार्वजनिक संस्थान तथा सङ्गठित संस्था, उद्योग, प्रतिष्ठान तथा कानून बमोजिम सञ्चालनमा रहेका रोजगारमूलक संस्था सम्झनु पर्छ र सो शब्दले निजी रोजगारीका अवसर उपलब्ध गराउने व्यक्तिलाई समेत जनाउँछ।

Website : WWW.gadhimaimun.gov.np Email : gadhimaimun@gmail.com
नगर प्रमुख : ९८५५०४०७४८, नगर उपप्रमुख : ९८६५१३९२५२, प्रमुख प्रशासकीय अधिकृत : ९८५१२७६८४७